# एनएलजी इन्स्योरेन्स कम्पनी लि.

## श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको सत्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित सार्वजनिक सूचना

**बैधानीक सभा :**

मिति २०७९ साल फाल्गुण २५ गते बसेको श्री एनएलजी ईन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको ३९०[औं] बैठकको निर्णाय अनुसार यस कम्पनीको नियमावलीको नियम १० र कम्पनी ऐन २०६३ को दफा ७६(१) बमोजिम बोलाइएको कम्पनीको सत्रौं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो।

**सत्रौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान :**

सभा मिति : २०७९ साल चैत्र २० गते, सोमवार (तदनुसार ३ अप्रिल, २०२३)
सभा समय : बिहान १०:३० बजे देखि
सभा स्थान : आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौं।

**सभाको सूचना प्रकाशन :**

कम्पनीको मिति २०७९/११/२५ मा बसेको संचालक समितिको बैठकबाट निर्णय भए अनुसार कम्पनीको नियमावलीको नियम १० को व्यवस्था तथा कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको सत्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु सहितको विवरण खुलाई सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभा सम्बन्धी अन्य जानकारी समेत उल्लेख गरी सभा हुने मिति भन्दा २१ दिन अगावै मिति २०७९ साल फाल्गुण २६ गते कारोबार राष्ट्रिय दैनिकमा र मिति २०७९ साल फाल्गुण २९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा कम्पनी ऐन २०६३ को दफा ८४(१) अनुसारको आ.व. २०७८/०७९ को संक्षिप्त आर्थिक विवरण सहित दुई पटक सूचना प्रकाशित गरी जानकारी गराइएको थियो। कम्पनीको सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा सत्रौं वार्षिक प्रतिवेदन कम्पनीको website ww.nlgi.com.np मा समेत राखिएको थियो।

**छलफलका विषयहरू :**

विषय सूची :

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ६९,८२,१८१/-(०.५२६३१५८ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने।

**(ख) विशेष प्रस्ताव :**

(१) कम्पनीको अधिकृत पूँजी रु. १.५० अर्बबाट बृद्धि गरी रु. ३ अर्ब पुर्‍याउने।
(२) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्तापुँजी रु. १,३२,६६,१४,३५५/- (अक्षरेपि एक अर्ब बतीस करोड छैसाठी लाख चौध हजार तीन सय पचपन्न रुपैयाँ) को १० (दस) प्रतिशतको दरले रु. १३,२६,६१,४३६/- (अक्षरेपि तेह्र करोड छबिस लाख एक साठी हजार चार सय छतिस मात्र) बराबर वोनस शेयर वितरण गर्ने। वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने।
(३) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापुँजी बृद्धि भई रु. १,४५,९२,७५,७९१/- (एक अर्ब पैतालीस करोड बयानब लाख पचहत्तर हजार सात सय एकानब्बे रुपैयाँ) पुग्ने हूँदा सोही अनुसार जारी तथा चुक्तापुँजी प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
(४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
(५) सञ्चालक समितिबाट मनोनित स्वतन्त्र सञ्चालकको नियूक्ती अनुमोदन गर्ने।

**(ग) विविध :**

**सभाको वैधानिकता :**

कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनीको कुल शेयरधनी संख्या २६,४५६ मध्ये १५६ जना (प्रोक्सी समेत गरी) र कुल शेयर संख्या १,३२,६६,१४३/५५ मध्ये ६९,४९,४३८/१६ शेयरको प्रतिनिधित्व हुने गरी अर्थात कुल शेयर संख्याको ५२.३८ प्रतिशतले प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ११(क) बमोजिम साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा बैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो।

कम्पनीको ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १०(क) बमोजिम यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा बिहान १०:३० बजे साधारण सभा शुरु भयो।

सभामा शेयरधनी महानुभावहरु मध्ये ११ जना शेयरधनी महानुभावहरु क्रमशः श्री गुण राज भट्ट, श्री शत्रुघन श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ, श्री ब्रम्ह देव शाक्य, श्री उद्धव प्रसाद घिमिरे, श्री रोज कुमार श्रेष्ठ, श्री डम्बर बल्लभ घिमिरे, श्री सुदिप श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी, श्री नरसिंह लाल चंखु तथा श्री लब राज जोशीले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन लगायत वित्तीय विवरण उपर आ–आफ्नो जिज्ञासा, मन्तव्य, धारणा तथा सुझाबहरु व्यक्त गर्नु भएको थियो। शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा तथा मन्तव्य प्रति सभाको सभापतिज्यूले सामूहिक रुपमा प्रति उत्तर दिनु भई सभामा उपस्थिती र सक्रिय रुपमा छलफलमा सहभागी भई कम्पनीको बृहत्तर हितमा रचनात्मक सुझाव र टिप्पणी गर्नुहुने सबै शेयरधनी महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो।

**सभाको निर्णयहरू :**

**(क) सामान्य प्रस्ताव तथा सो मा भएको निर्णय :**

(१) आ.व. २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन पारित गरियो।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु पारित गर्नका लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु पारित गरियो।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०७९/०८० को लागि लेखापरीक्षक **M/s R. Rajkarnikar & Co., Chartered Accountants** नियुक्तका लागि योग्य रहेको हुदाँ निजलाई नियुक्त गर्ने निर्णय सभाबाट पारित गरियो र निजको पारिश्रमिक रु.३,५०,०००/- (तीन लाख पचास हजार) मू.अ. कर बाहेक निर्धारण गरिएको तथा अन्य खर्चहरु कम्पनीको नियम बमोजिम सोधभर्ना गर्ने प्रस्ताव पारित सभाबाट पारित भयो। साथै आ.व.२०७९/०८० को लागि नियामक निकायको निर्देशानुसारको लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, विस्तृत लेखापरीक्षण प्रतिवेदन शुल्क, कम्पनी ऐनको दफा ७८ बमोजिम प्रतिवेदन प्रमाणित शुल्क तथा नेपाल धितोपत्र बोर्डबाट जारी संस्थागत सुशासन सम्बन्धी अनुपालन प्रतिवेदन प्रमाणित शुल्क समेतको लागि सोही फर्मलाई अतिरिक्त रु. १,५०,०००/– (एक लाख पचास हजार) मू.अ. कर बाहेक गरी कूल रु. ५,००,०००/– (पाँच लाख) मू.अ. कर बाहेक लेखा परीक्षण शुल्क प्रदान गर्ने गरी नियुक्त गर्ने प्रस्ताब सभाबाट पारित भयो।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ६९,८२,१८१/-(०.५२६३१५८ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने प्रस्ताव पारित भयो।

**(ख) विषेश प्रस्ताव र सो मा भएको निर्णयहरु :**

(१) कम्पनीको अधिकृत पूँजी रु. १.५० अर्बबाट बृद्धि गरी रु. ३ अर्ब पुर्‍याउने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो पारित गरियो।
(२) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्तापुँजी रु. १,३२,६६,१४,३५५/-(अक्षरेपि एक अर्ब बतीस करोड छैसाठी लाख चौध हजार तीन सय पचपन्न रुपैयाँ) को १० (दस) प्रतिशतको दरले रु. १३,२६,६१,४३६/- (अक्षरेपि तेह्र करोड छबिस लाख एक साठी हजार चार सय छतिस मात्र) बराबर वोनस शेयर वितरण गर्ने प्रस्ताव र वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो पारित गरियो।
(३)
(क) यस सभाबाट पारित अधिकृत पूँजी बृद्धि भए पश्चात प्रबन्धपत्रको दफा ५(क) मा रहेको हालको व्यवस्था संशोधन गर्ने "कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००/-(तीन अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु.१००/-दरका ३,००,००,००० (तीन करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ र हाल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन।" भन्ने व्यवस्था कायम गर्ने, त्यसै गरी नियमावलीको नियम ५(क) मा रहेको हालको व्यवस्था संशोधन गरी "कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००/- (तीन अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु.१००/-दरका ३,००,००,००० (तीन करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ र हाल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन।" भन्ने व्यवस्था कायम गर्ने गरी पेश भएको विशेष प्रस्ताव पारित गरियो।
(ख) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात प्रबन्धपत्रको दफा ५(ख) मा रहेको हालको व्यवस्था संशोधन गर्ने "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. १,४५,९२,७५,७९१/-(एक अर्ब पैतालीस करोड बयानब लाख पचहत्तर हजार सात सय एकानब्बे रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,४५,९२,७५७/९१ (एक करोड पैतालिस लाख बयानब्बे हजार सात सय सन्ताउन्न दसमलब एकानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्था कायम गर्ने, त्यसै गरि नियमावलीको नियम ५ (ख) मा रहेको हालको व्यवस्था संशोधन गरी "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. १,४५,९२,७५,७९१/-(एक अर्ब पैतालीस करोड बयानब लाख पचहत्तर हजार सात सय एकानब्बे रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,४५,९२,७५७/९१ (एक करोड पैतालिस लाख बयानब्बे हजार सात सय सन्ताउन्न दसमलब एकानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्था कायम गर्ने गरी पेश भएको विशेष प्रस्ताव पारित गरियो।
(ग) बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि भई रु. १,४५,९२,७५,७९१/-(एक अर्ब पैतालीस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय एकानब्बे रुपैयाँ) लाई सोही अनुसार जारी तथा चुक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ग) र (घ) तथा नियमावलीमा नियम ५ (ग) र (घ) मा संशोधन गरी देहाय अनुसार कायम गर्ने बिशेष प्रस्ताव पारित गरियो।

**प्रबन्धपत्र दफा ५ ग :** कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ।
(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ७४,४२,३०,६५३/१५ (चौहत्तर करोड बैयालिस लाख तिस हजार छ सय त्रिपन्न तथा पैसा पन्ध्र) को शेयर लिने छन्। संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ।
(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ७१,५०,४५,१३७/३५ (एकहत्तर करोड पचास लाख पैतालिस हजार एक सय सैतिस तथा पैसा पैतिस) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ। यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ।

**प्रबन्धपत्र दफा ५ घ :** कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,४५,९२,७५,७९०/५० (एक अर्ब पैतालिस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय नब्बे रुपैयाँ तथा पैसा पचास) हुनेछ।

**नियमावली नियम ५ ग :** कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ।
(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ७४,४२,३०,६५३/१५ (चौहत्तर करोड बैयालिस लाख तिस हजार छ सय त्रिपन्न तथा पैसा पन्ध्र) को शेयर लिने छन्। संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ।
(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ७१,५०,४५,१३७/३५ (एकहत्तर करोड पचास लाख पैतालिस हजार एक सय सैतिस तथा पैसा पैतिस) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ। यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ।
नियमावली नियम ५ घ :कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,४५,९२,७५,७९०/५० (एक अर्ब पैतालिस करोड बयानब्बे लाख पचहत्तर हजार सात सय नब्बे रुपैयाँ तथा पैसा पचास) हुनेछ।

(४) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल तथा थपघट गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो।
(५) संचालक समितिले रिक्त रहेको स्वतन्त्र संचालक पदमा श्री कविराज अधिकारीलाई मिति २०७९/०२/३१ गते देखि चार (४) वर्षको लागि नियुक्त गरिएकोमा सभामा उक्त नियुक्ती सर्वसम्मतिबाट अनुमोदन भयो।

**(ग) विविध :**

**यस शिर्षक अन्तर्गत कुनै छलफल भएन।**

सभापतिज्यूले यस कम्पनीको सत्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, नियमकारी निकायहरुबाट उपस्थित हुनु भएका पर्यवेक्षक प्रतिनिधीहरु, लेखापरीक्षक, पत्रकार महानुभावहरु, कम्पनीको शेयर रजिष्ट्रार, कम्पनीको व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु र सम्पूर्ण सञ्चालक समितिका सदस्यहरुलाई धन्यवाद दिनु भयो। सभामा कम्पनीका लागि रचनात्मक सुझावहरु दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो। अन्त्यमा, सभाका सभापति श्री बिमल प्रसाद वाग्लेज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नरहेकोले सम्पूर्णमा सुस्वास्थ्यको कामना गर्दै दिनको १२:२५ बजे कम्पनीको सत्रौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो।

**कम्पनी सचिव**

पो.ब.नं. २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाण्डौ
फोन नं. ४००६६२५, ४४४२६४६, ४४१८११३
इमेल : info@nlgi.com.np,
वेभसाईट : www.nlgi.com.np

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
—— सबैको सुरक्षा, एनएलजीको ईच्छा ——

## कम्पनीको मिति २०७९ साल चैत्र २० गते सम्पन्न सत्रौं वार्षिक साधारण सभाबाट पारित आ.व. २०७८/०७९ को संक्षिप्त आर्थिक विवरण

### Statement of Financial Position
### As at Asadh End 2079

*Fig. in NPR*

| | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Assets** | | | |
| Intangible Assets | 4 | 722,776 | 845,137 |
| Property, Plant and Equipment | 5 | 36,305,946 | 20,652,942 |
| Deferred Tax Assets | 7 | 38,798,396 | 40,357,359 |
| Investments | 10 | 2,397,008,582 | 2,565,168,805 |
| Loans | 11 | 20,272,427 | 17,278,899 |
| Reinsurance Assets | 12 | 1,821,765,097 | 1,469,281,346 |
| Current Tax Assets (Net) | 21 | 207,340,943 | 173,853,425 |
| Insurance Receivables | 13 | 624,136,046 | 278,508,880 |
| Other Assets | 14 | 404,894,984 | 408,949,436 |
| Other Financial Assets | 15 | 99,047,995 | 55,635,919 |
| Cash and Cash Equivalents | 16 | 174,821,944 | 326,974,132 |
| **Total Assets** | | **5,825,115,140** | **5,357,506,281** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 17 (a) | 1,326,614,355 | 1,096,375,500 |
| Share Premium | 17(c) | 46,761,733 | 46,761,733 |
| Insurance Fund | 17(d) | 1,149,622,819 | 1,025,030,886 |
| Catastrophe Reserves | 17(e) | 62,509,259 | 51,239,383 |
| Retained Earnings | 17(f) | 113,790,915 | 256,194,058 |
| Other Equity | 17(g) | 102,621,643 | 129,864,895 |
| **Total Equity** | | **2,801,920,724** | **2,605,466,455** |
| **Liabilities** | | | |
| Provisions | 18 | 114,188,020 | 114,226,318 |
| Gross Insurance Contract Liabilities | 19 | 2,495,008,053 | 2,210,214,257 |
| Insurance Payables | 20 | 30,358,030 | 83,896,986 |
| Other Financial Liabilities | 23 | 57,260,434 | 61,958,144 |
| Other Liabilities | 24 | 326,379,879 | 281,744,121 |
| **Total Liabilities** | | **3,023,194,416** | **2,752,039,826** |
| **Total Equity and Liabilities** | | **5,825,115,140** | **5,357,506,281** |

### Statement of Profit or Loss
### For The Year Ended Ashadh 2079

*Fig. in NPR*

| | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Income:** | - | - | - |
| Gross Earned Premiums | 25 | 2,202,657,330 | 2,053,788,516 |
| Premiums Ceded | 26 | (1,533,745,366) | (1,388,885,140) |
| **Net Earned Premiums** | 27 | **668,911,964** | **664,903,375** |
| Commission Income | 28 | 340,409,387 | 336,633,367 |
| Investment Income | 29 | 199,056,215 | 193,782,625 |
| Other Income | 32 | 33,456,929 | 28,906,920 |
| **Total Income** | | **1,241,834,496** | **1,224,226,288** |
| **Expenses:** | | | |
| Gross Claims Paid | 33 | 1,937,618,325 | 1,318,570,185 |
| Claims Ceded | 34 | (1,356,353,308) | (863,126,183) |
| Gross Change in Contract Liabilities | 35(a) | 126,669,771 | 404,036,419 |
| Change in Contract Liabities Ceded to Reinsurers | 35(b) | (195,874,847) | (301,025,527) |
| **Net Claims Paid** | | **512,059,941** | **558,454,894** |
| Commission Expenses | 36 | 85,281,889 | 63,416,971 |
| Service Fees | 37 | 6,704,271 | 6,877,037 |
| Employee Benefits Expenses | 38 | 266,226,004 | 219,586,941 |
| Depreciation and Amortization Expenses | 39 | 9,100,128 | 5,652,992 |
| Impairment Losses | 40 | (42,201,064) | 23,593,622 |
| Other Expenses | 41 | 113,267,560 | 96,449,102 |
| **Total Expenses** | | **950,438,729** | **974,031,560** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | | **291,395,766** | **250,194,728** |
| **Profit Before Tax** | | **291,395,766** | **250,194,728** |
| Income Tax Expense | 43 | 79,589,530 | 90,303,943 |
| **Net Profit/ (Loss) For The Year** | | **211,806,237** | **159,890,785** |
| **Earning Per Share** | 50 | | |
| Basic EPS | | 15.97 | 15.89 |
| Restated Basic EPS | | | 12.05 |

### Statement of Comprehensive Income
### For The Year Ended Ashadh 2079

*Fig. in NPR*

| | Current Year | Previous Year |
|---|---|---|
| **Net Profit/ (Loss) For The Year** | **211,806,237** | **159,890,785** |
| **Other Comprehensive Income** | | |
| Changes in fair value of FVOCI Equity Instruments | (16,345,228) | 38,787,015 |
| Remeasurement of Post-Employment Benefit Obligations | 11,126,587 | (12,644,187) |
| Income Tax Relating to Above Items | 1,565,592 | (7,304,062) |
| **Total Other Comprehensive Income For the Year, Net of Tax** | **(3,653,049)** | **18,838,766** |
| **Total Comprehensive Income For the Year, Net of Tax** | **208,153,188** | **178,729,550** |

### Statement of Cash Flows
### For The Year Ended Ashadh 2079

*Fig. in NPR*

| | Current Year | Previous Year |
|---|---|---|
| **Cash Flow From Operating Actvities:** | | |
| **Cash Received** | | |
| Gross Premium Received | 2,360,781,355 | 2,120,032,196 |
| Commission Received | 384,032,944 | 304,450,817 |
| Claim Recovery Received from Reinsurers | 1,356,353,308 | 863,126,183 |
| Other Income | 33,469,089 | 28,906,920 |
| Change in Gross Insurance Contract Liabilities | 284,793,796 | 470,280,099 |
| Change in Insurance Payables | (53,538,956) | (138,876,492) |
| Change in Other Financial Liabilities & Other Liabilities | 39,938,048 | (50,366,070) |
| Change in Provisions | (38,298) | 22,140,407 |
| **Cash Paid** | | |
| Gross Claims Paid | (1,937,618,325) | (1,318,570,185) |
| Reinsurance Premium Paid | (1,690,354,269) | (1,432,328,740) |
| Commission Paid | (78,782,085) | (66,529,790) |
| Service Fees Paid | (21,200,323) | (18,006,933) |
| Employee Benefits Expenses Paid | (266,226,004) | (219,586,941) |
| Other Expenses Paid | (113,267,560) | (96,449,102) |
| Change in Reinsurance Assets | (352,483,751) | (344,469,126) |
| Change in Insurance Receivables | (345,627,166) | (168,037,566) |
| Change in Other Financial Assets & Other Assets | (39,357,624) | 211,028,341 |
| Income Tax Paid | (48,949,022) | (81,299,738) |
| **Net Cash Flow From Operating Activities [1]** | **(488,074,844)** | **85,444,280** |
| **Cash Flow From Investing Activities** | | |
| Acquisitions of Intangible Assets | (50,000) | 305,360 |
| Acquisitions of Property, Plant & Equipment | (24,594,871) | 4,285,710 |
| Proceeds From Sale of Property, Plant & Equipment | 14,100 | - |
| Purchase of Equity Instruments | (547,805,483) | (547,805,483) |
| Proceeds from Sale of Equity Instruments | 550,617,530 | 550,617,530 |
| Purchase of Mutual Funds | (37,417,871) | (37,417,871) |
| Proceeds from Sale of Mutual Funds | 70,614,861 | 70,614,861 |
| Purchase of Debentures | (106,811,000) | (106,811,000) |
| Proceeds from Sale of Debentures | 55,027,000 | 55,027,000 |
| Investments in Deposits | (2,498,000,000) | (2,498,000,000) |
| Maturity of Deposits | 2,219,000,000 | 2,219,000,000 |
| Loans Paid | (2,993,528) | 16,913,349 |
| Others (to be specified) | 537,720,615 | (9,412,940) |
| **Total Cash Flow From Investing Activities [2]** | **215,321,352** | **(282,683,484)** |
| **Cash Flow From Financing Activities** | | |
| Proceeds From Issue of Share Capital | 230,238,855 | 134,447,418 |
| Dividend Paid | (109,637,550) | (3,775,026) |
| **Total Cash Flow From Financing Activities [3]** | **120,601,305** | **130,672,392** |
| **Net Increase/(Decrease) In Cash & Cash Equivalents [1+2+3]** | **(152,152,186)** | **(66,566,811)** |
| Cash & Cash Equivalents At Beginning of The Year/Period | 326,974,132 | 393,540,943 |
| **Cash & Cash Equivalents At End of The Year/Period** | **174,821,944** | **326,974,132** |